स्वीकृत मिति: २०७४।१०।२९

# हरिहरपुरगढी गाउँपालिका

# सिन्धुली

# आकस्मिक कोष सञ्चालन कार्यविधि-२०७४

<u>**आकस्मिक कोष सञ्चालन कार्यविधि, २०७४**</u>

हरिहरपुरगढी गाउँपालिका, सिन्धुलीमा आई पर्ने प्राकृतिक र मानव सृजित प्रकोपबाट हुन सक्ने मानवीय र भौतिक क्षतिमा तत्काल राहत र विपद् पछी पुनर्स्थापनाको लागि सहयोग पुर्‍याई दैनिक जीवनलाई सहज तुल्याउने र प्रकोपबाट हुन गएको सार्वजनिक सम्पतीको पुनर्निर्माण गरिने अनुदान र लगानीलाई व्यवस्थित गर्ने उद्देश्यले यो कार्यविधि तयार गरी गाउँ पालिकामा लागू गरिएको छ ।

<u>**खण्ड १. संक्षिप्त नाम र प्रारम्भ**</u>

१.१ यस कार्यविधिको नाम "आकस्मिक कोष सञ्चालन कार्यविधि २०७४ " रहेको छ ।

१.२ यो कार्यविधि गाँउ सभाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

१.३ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "आकस्मिक कार्य " भन्नाले बाढी, पहिरो , आगलागी , रोगको महामारी , चट्याङ लगायत प्राकृतिक प्रकोपसहित मानविय त्रुटीले आम मानिस , घरपालुवा पशुपक्षीं, खेतीपाती , सार्वजनिक संरचना तथा निजी संरचनामा पर्न जाने क्षति , जनजीवनमा पर्ने नकारात्मक प्रभाव वा प्राकृतिक प्रकोप वा आर्थिक अवस्था कमजोर भई उपचार गराउन नसक्ने विरामीको उपचार समेतमा गरिने कार्यलाई सम्झनु पर्नेछ ।

ख. "समिति "भन्नाले आकस्मिक कोष सञ्चालन समिति सम्झनुपर्नेछ ।

ग. " पुर्वतयारी " भन्नाले सम्भावित प्राकृतिक प्रकोप आउनुपूर्व गरिने तयारीलाई सम्झनुपर्नेछ ।

घ. " उद्धार " भन्नाले प्रकोपमा परेका व्यक्तिहरुलाई थप जोखिमबाट जोगाउन गरिने प्रयासलाई सम्झनुपर्नेछ साथै सो शव्दले पशुपंक्षीहरुलाई जोखिमबाट बचाउन गरिने प्रयास समेतलाई जनाउनेछ ।

ङ. " कोष "भन्नाले आकस्मिक कोष सम्झनुपर्नेछ ।

च. " कार्यविधि " भन्नाले आकस्मिक कोष सञ्चालन कार्यविधि २०७४ सम्झनुपर्नेछ ।

<u>**खण्ड २ . आकस्मिक कोष सञ्चालन समिति सम्बन्धी व्यवस्था**</u>

२.१ गाँउपालिकामा आईपर्ने आकस्मिक कार्यको आँकलन , सम्भाव्य जोखिमका भौगोलिक क्षेत्रहरु बस्तीहरु लगायतको पहिचान , विपद् पूर्व तयारीको लागि अवलम्बन गर्नुपर्ने सतर्कता तथा

सम्बन्धी नितिगत , व्यवहारिक योजना निर्माण गर्ने र विपद् पछिको उद्धार , राहत तथा पुनर्स्थापना र आर्थिक अवस्था कमजोर भई उपचार गराउन नसक्ने विरामीको उपचारमा गाँउपालिकाले गर्न सक्ने तथा अन्य निकायबाट प्राप्त हुने सहयोगको व्यवस्थापन गर्न देहाय बमोजिमको आकस्मिक कोष सञ्चालन समिति रहनेछ :

क. गाँउपालिकाको अध्यक्ष – अध्यक्ष

ख. गाँउपालिकाको उपाध्यक्ष – सदस्य

ग. गाँउपालिकाको प्रत्येक वडाका वडाध्यक्षहरु –सदस्य

घ. गाँउ कार्यपालिकाको सदस्यहरु - सदस्य

ङ. स्थानिय तहको उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

च. स्थानिय सुरक्षा निकायका प्रमुख - सदस्य

छ. गाउँ कार्यपालिकाको कार्यलयका स्वास्थ्य, शिक्षा, पशु,महिला विकास, कृषि शाखा हेर्ने प्रमुखहरु- सदस्य

ज. श्रोत केन्द्र विद्यालयका प्रधानाध्यापक - सदस्य

झ. स्थानिय तहको गैरसरकारि संस्था महासंघको प्रतिनिधि - सदस्य

ञ. गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

**<u>२.२ आकस्मिक कोष सञ्चालन समितिको काम कर्तब्य र अधिकार</u>**

क. गाउँपालिका स्तरीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना तर्जुमा गर्ने ।

ख. गाउँपालिकाले विपद व्यवस्थापनमा विनियोजन गर्नुपर्ने रकमको अनुमान तथा सिफारिस गर्ने ।

ग. विपदका प्रकार, जेखिममा रहेका बस्तिहरुको पहिचान र त्यस्तो वस्तिलाइ क्षति न्यूनिकरण गर्न गर्नुपर्ने पूर्व तयारी सम्बन्धमा गाउँपालिकालाइ आवश्यक सल्लाह परामर्श र सिफारिस गर्ने ।

घ. यसै कार्यविधि बमोजिम उद्धार, राहत र पुनर्स्थापन तथा पुनर्निर्माणको लागि लाग्ने र गाउँपालिकाले दिन सक्ने रकम एकिन गरि गाउँपालिकालाई सिफारिस गर्ने ।

ङ. आकस्मिक कोषमा रहेको रकमको व्यवटस्थापन गर्ने ।

च. प्रकोपको बेला सहयोग जुटाउने व्यवस्था गर्ने ।

छ. आर्थिक अवस्था कमजोर भई उपचार गराउन नसक्ने बिरामिको उपचार सम्बन्धि आवश्यक कार्य गर्ने ।

२.३. आकस्मिक कोष सञ्चालन समितिको बैठक आवश्यक्ता अनुसार वर्षमा कम्तिमा २ (दुई) पटक बस्नेछ । बैठक अध्यक्षता अध्यक्ष र निजको अनुपस्थितिमा गाउँपालिकाको उपाध्यक्षले गर्नेछ । अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ । बैठकमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक सङ्ख्या पुगेको मानिनेछ र उपस्थित सदस्यको बहुमतले निर्णय हुनेछ ।

**खण्ड ३. आकस्मिक कोष सञ्चलन सम्बन्धि व्यवस्था**

३.१ प्रकोपको कारण पर्न गएको मानवीय र भौतिक क्षतिलाई न्यूनिकरण गरी उद्धार, राहत तथा पुनर्स्थापनाको लागि लाग्ने खर्च व्यवस्थापन गर्न गाउँपालिकामा एउटा आकष्मिक कोष खडा गरिनेछ सो कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

क. गाउँसभाले स्विकृत गरी विनियोजन गरेको रकम

ख. उद्धार तथा राहतको लागि चन्दा र सहयोगबाट प्राप्त रकम

ग. संघिय सरकार वा प्रदेश सरकारले प्रकोप व्यवस्थापनको लागी भंनि तोकि पठाएको रकम

घ. उद्धार, राहत र पुनर्स्थापनको लागि अन्य श्रोतबाट प्राप्त रकम

३.२ आकस्मिक कोषमा रहेको रकम यसै कार्यविधिमा खर्च गर्ने भनि उल्लेख भएकोमा बाहेक अन्यत्र खर्च गर्न पाईने छैन ।

३.३ कोषको अलग्गै लेखा राख्नुपर्नेछ र सो कोषको लेखापरिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

३.४ कोष खाता सञ्चालन यसै कार्यविधिमा लेखिएको अधिनमा रही अध्यक्ष वा अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

**खण्ड ४. उद्धार सम्बन्धि व्यवस्था**

४.१ प्रकोप देखा पर्ना साथ तत्काल उद्धारको व्यवस्थापन गर्न प्रकोपको प्रकृति अनुसार आवश्यक पर्ने औजारहरु गाउँपालिकाको आकस्मिक कोषमा रहेको रकमबाट खरिद गरि गाउँपालिकाको केन्द्र र प्रत्येक वडा कार्यलयहरुमा तयारि अवस्थामा राख्ने व्यवस्था गरिनेछ ।

४.२ उद्धारमा आवश्यक पर्ने औषधि लगायत प्राथमिक उपचारका सामाग्रि, स्टेचर लगायतका आवश्यक सामाग्रिहरु स्वास्थ्य संस्थाहरुबाट गरिनेछ ।

४.३ गाउँपालिका क्षेत्रभित्र पर्न सक्ने प्रकोपमा तत्काल उद्धार कार्य गरि थप मानवीय र भौतिक क्षति हुन नदिन र विपदमा परेका व्यक्तिहरुलाई तत्काल उद्धार गर्न देहाय बमोजिमका सदस्य रहेको गाउँपालिका स्तरीय द्रुत प्रतिकार्य टोलि ( Rapid Response Team) गठन गरिनेछ ।

क. गाउँपालिकाको अध्यक्ष - संयोजक

ख. गाउँपालिकाको उपाध्यक्ष - सदस्य

ग. गाउँकार्यपालिकाको प्रमूख प्रशासकीय अधिकृत - सदस्य

घ. स्थानीय प्रहरि प्रमुख - सदस्य

ङ. गाउँकार्यपालिकाका विषयगत शाखाका प्रमुखहरु - सदस्य

च. उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

दफा ४.३ मा गठित टोलिमा अन्य विषय क्षेत्रका युवा, बुद्धिजिवि, शिक्षक, प्रहरि टोलि लगायतको संलग्नता हुन सक्ने छ । उक्त टोलीको कार्यविभाजन तत्काल टोलीको छलफलवाट निर्धारण गरिनेछ ।

४.४ वडा स्तरमा हुने प्रकोपमा तत्काल उद्धार गर्न गाउँपालिकाको प्रत्येक वडामा देहायवमोजिम सदस्य रहेको वडा स्तरीय आकस्मिक कोष सञ्चालन समिति गठन गरिनेछ ।

क) सम्वन्धित वडा अध्यक्ष – अध्यक्ष

ख) सम्वन्धित वडा सदस्यहरु – सदस्य

ग) वडामा रहेका शिक्षा, स्वास्थ्य, कृषि, पशु, ईकाइमा कार्यरत प्रमुखहरु – सदस्य

घ) स्थानीय प्रहरी चौकीमा कार्यरत प्रमुख – सदस्य

ङ) स्थानीय समुह वा क्लवका प्रमुख तथा प्रतिनिधिहरु – सदस्य

च) गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि – सदस्य

छ) सम्वन्धित वडाका वडा सचिव – सदस्य सचिव

**खण्ड ५. राहत वितरण सम्वन्धि व्यवस्था**

५.१ गाउँपालिकामा जिन्सी तथा नगद राहत संकलन तथा वितरणको कार्यलाई व्यवस्थित गर्न देहाय वमोजिमको राहत संकलन तथा व्यवस्थापन टोलि गठन गरिनेछ ।

क) गाउँपालिकाको उपाध्यक्ष –संयोजक

ख) प्रकोपमा परेको सम्वन्धित वडाका वडा अध्यक्ष – सदस्य

ग) गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

५.२ देहाय वमोजिम हुन गएको क्षतिको लागि गाउँ पालिकाको आकस्मिक कोषवाट व्यहोर्ने गरी देहाय वमोजिमको राहत उपलब्ध गराईनेछ ।

क) प्रकोपवाट मृत्यु भएकाको प्रति परिवारलाई क्रिया खर्च वापत रु. २५,०००/००

ख) घाँउ चोट तथा अंग भंग भएकोमा सोको अवस्था हेरी उपचारको लागि जनही बढीमा रु. १०,०००/००

ग) आगलागी भएको वा घर भत्किएर खाद्यान्न समेत नष्ट भएकोमा तत्काल गुजाराको लागि प्रति परिवार रु. १५,०००/००

घ) आकस्मिक तथा प्रकोपमा परी सिकस्त विरामी भई तत्काल अस्पताल लैजानु पर्ने विरामीको हकमा आर्थिक अवस्था कमजोर भएको कारण अस्पताल लैजान सक्ने अवस्था नभएमा यातायात खर्च वापत वढीमा रु. १०,०००/००

ङ) वाढि पहिरो आदी कारणले लगाईएको वाली नाली सम्पूर्ण रुपमा नस्ट भई गुजारा चलाउन समस्या भएको अवस्थामा तत्काल गुजारा चलाउन प्रति परिवार रु. १००००/००

च) तत्काल वाढी तथा पहिरो रोकथाम गर्दा गाउँका धेरै वस्तीहरु र खेती योग्य जमिन वचाउन सक्ने अवस्था रहेको र सो रोकथामको लागि तत्काल वाँध पर्खाल आदी लगाउन सम्भव भएको अवस्था रहेमा विपत व्यवस्थापन समितिको निर्णय अनुसार आवश्यक रकम उपलब्ध गराई उक्त प्रकोप रोकथाम गर्न सकिनेछ ।

छ) दीर्घ रोगीको हकमा आर्थिक अवस्था अत्यन्त कमजोर भएको भनि वडाको सिफारिस सहित आएमा एक पटकको लागि वढीमा रु. १०,०००/००

ज) रोगको महामारी हुन सक्ने संभावना देखिएको र तत्काल स्वास्थ्य संस्थाहरुमा औषधी उपलब्ध हुन नसक्ने अवस्था रहेको साथै अन्य निकायहरुवाट सहयोग प्राप्त हुन नसक्ने देखिएमा महामारी रोकथाम र उपचारको लागि आवश्यक औषधि तथा अन्य उपचारका सामाग्रीहरु खरिद र ढुवानी गर्न लाग्ने सवै रकम आकस्मीक कोषवाट खर्च गर्न सकिनेछ ।

झ) पशु पंक्षी पालन गरी जीविकोपार्जन गरेका कृषकहरुलाई माहामारी वा प्रकोपको कारण पालिएका आधा भन्दा वढी पशुपंक्षी नस्ट भई क्षती भएमा त्यस्तो पशु पंक्षीहरुको वीमा गरेको रहेनछ भने तत्काल राहत स्वरुप नस्ट भएको पशु पंक्षीको प्रचलित बजार मूल्यको २५ प्रतिशत वा रु ५०,०००/०० मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराईनेछ । तर गाउँपालिकामा पशु पंक्षी व्यवसाय दर्ता नभएको पाईएमा यो नियम लागू हुनेछैन, साथै सुचिकृत हुनको लागि पशु स्वास्थ्य चिकित्सकको सिफारिस सहित आएको हुनुपर्नेछ ।

**<u>खण्ड ६ विविध</u>**

६.१ यस कार्य विधिमा जुनसुकै कुरा लेखिएको भएता पनि संघीय, प्रादेशीक एवं गाउँपालिकाको कानून निर्माण भई अन्यत्र व्यवस्था भएमा सोही वमोजिम हुनेछ ।

६.२ यो कार्यविधिमा लेखिएको राहत वितरण सम्वन्धि व्यवस्था गाउँ सभावाट यो कार्यविधि पारित भएको क्षतीको सन्दर्भमा मात्र लागू हुनेछ ।

६.३ यो कार्यविधि संशोधन गर्ने अधिकार गाउँ सभालाई रहनेछ ।